सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८०/०८१

च.नं: १८७७

मितिः२०८१।०१।२५

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०१।२१ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१।०१।२५

..................................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बडाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email sarumarani2073@gmail.com

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको ३७ औ बैठकका प्रस्तावहरु
## मिति २०८१।०१।२१ गते

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।
२. कोरेली पाडीको दररेट स्वीकृत गर्ने सम्बन्धमा।
३. बाखा प्रवर्द्धन कार्यक्रममा लाभग्राही छनोट गर्ने सम्बन्धमा।
४. फलफूल नर्सरी सुद्दढीकरण कार्यक्रममा लाभग्राही छनोट गर्ने सम्बन्धमा।
५. रैथाने बाली प्रवर्द्धन कार्यक्रममा लाभाग्राही छनोट गर्ने सम्बन्धमा।
६. सुरक्षित नागरिक आवास कार्यक्रमको थप घरधुरी सिफारिस सम्बन्धमा ।
७. शिक्षा सम्बन्धि विभिन्न प्रस्तावहरु सम्बन्धमा ।
८. आखा स्वास्थ्य सेवा केन्द्र सम्बन्धमा ।
९. रोजगार रणनिति सम्बन्धमा ।
१०. सामुदायिक वनमा पार्क निर्माण सम्बन्धमा ।
११. मंत्रालयमा गाडी माग सम्बन्धमा ।
१२. आर्थिक सर्भेक्षण र मध्यमकालिन खर्च संरचना सम्बन्धमा ।
१३. योजना संशोधन सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।
१५. सिपमूलक तालिम सम्बन्धमा ।
१६. विविध सम्बन्धमा ।
- कर्मचारी आचार संहिता सम्बन्धमा ।
- मेडपा कार्यक्रममा परामर्श नियुक्त सम्बन्धमा ।
- गाउँपालिका प्रवक्ताको तालिम सम्बन्धमा ।
- वन प्राविधिक सम्बन्धमा ।
- अन्य विषयहरु सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

अक्क बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## बैठक संख्या-३७

### गाउँकार्यपालिकाको ३७ औं बैठकका निर्णयहरु-२०८१।०१।२१ गते

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।१२।३० गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन रहेको पाईयो ।

**निर्णय नं. २ कोरेली पाडीको दररेट स्वीकृत गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत कोरेली पाडी वितरण कार्यक्रम अनुसार वितरण गरिने कोरेली पाडीको जिल्ला दररेट कायम नभएको र कार्यालयले तोकिएको स्पेशिफिकेशन अनुसारको पाडीहरु वितरण गर्नका लागि कार्यालयमा सुचिकृत भएका फर्महरु सँग दररेट माग गरेकोमा पेश हुन आएको ४ वटा दररेटको कानुनी ग्राह्यता तथा दररेट परीक्षण गर्नका लागि सरुमारानी गाउँपालिकाको सार्वजनिक खरिद मूल्यांकन समितिको मिति २०८०/१२/२२ गतेको बैठकको निर्णय अनुसार कार्यालयले तोकेको स्पेशिफिकेशन अनुसारको पाडीको मुल्य सबैभन्दा न्यून रकम रु. ३२,०००/- (अक्षरुपी रु बत्तिस हजार) दररेट पेश हुन आएकाले प्रति कोरेली पाडीको लागत अनुमान रु ३२,०००/- ( बत्तिस हजार) स्वीकृत गर्ने र कृषक/समूहले खरिद गर्ने पाडीहरुको गुणस्तर तथा प्राविधिक चेकजाँच गर्नका लागि पालिकाका सम्बन्धित विषयका प्राविधिक समेत पठाउने निर्णय गरियो।

**निर्णय नं. ३ बाख्रा प्रवर्द्धन कार्यक्रममा लाभग्राही छनोट गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागि प्रथम पटक मिति २०८०/११/१६ र दोस्रो पटक मिति २०८०/१२/२१ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका ४ वटा कृषक समूहका प्रस्तावहरुको स्थलगत प्राविधिक अनुगमन गर्दा सरुमारानी गाउँपालिका वडा नं. ५ मा रहेका श्री पुर्णिमा कृषि तथा पशुपालन कृषक समूह र श्री बिरिंकोट राङ्गबाङ्ग पशुपालन उद्यमी कृषक समूहले आ.व. २०७९/०८० मा सोहि प्रकृतिको कार्यक्रममा अनुदान लिएको र सरुमारानी गाउँपालिका वडा नं. ६ मा रहेका श्री उपल्लो खुट्टी बाख्रापालन कृषक समूह र श्री सिम्ले बाख्रापालन कृषक समूहको उक्त कार्यक्रम संचालन सम्बन्धी कार्यविधिले तोकेको मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्न उपयुक्त रहेकाले श्री उपल्लो खुट्टी बाख्रापालन कृषक समूह र श्री सिम्ले बाख्रापालन कृषक समूहलाई छनोट गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ फलफूल नर्सरी सुदृढीकरण कार्यक्रममा लाभग्राही छनोट गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत प्रदेश सरकारबाट हस्तान्तरित फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम संचालन गर्नका लागि प्रथम पटक मिति २०८०/११/१६ गते प्रकाशित सूचना अनुसार पेश हुन आएको श्री एभरग्रीन फलफूल, वन तथा तरकारी नर्सरी फर्म सरुमारानी गा.पा. -२ दर्भानको प्रस्तावको स्थलगत प्राविधिक अनुगमन गर्दा उक्त कार्यक्रम संचालन सम्बन्धी कार्यविधिले तोकेको मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्न उपयुक्त रहेकाले श्री एभरग्रीन फलफूल, वन तथा तरकारी नर्सरी फर्म सरुमारानी गा.पा. -२ दर्भानलाई छनोट गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ रैथाने बाली प्रवर्द्धन कार्यक्रममा लाभाग्राही छनोट गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत संघीय सरकारबाट हस्तान्तरित रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागि प्रथम पटक मिति २०८०/१२/१२ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका श्री सिर्जनशील कृषि सहकारी संस्था लिमिटेड सरुमारानी गा.पा. -५ जस्पुर, श्री वेथि खोला कृषि तथा पशुपालन कृषक समूह सरुमारानी -६ र श्री अदुवा उत्पादन महिला कृषक समूह सरुमारानी -५ को प्रस्तावको स्थलगत प्राविधिक अनुगमन गर्दा उक्त कार्यक्रम संचालन सम्बन्धी कार्यविधिले तोकेको मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्न उपयुक्त रहेकाले प्रस्ताव पेश भएका ३ वटै समूह/सहकारीलाई छनोट गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ सुरक्षित नागरिक आवास कार्यक्रमको थप घरधुरी सम्बन्धमा**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि आ.व.२०७७।०७८ मा छनौट भएका घरधुरी २०० घरधुरी मध्ये आ.ब.२०७९।०८० सम्म ११९ घरधुरीमा सुरक्षित नागरिक आवास कार्यक्रममा विनियोजित बजेटबाट र ५३ घरधुरीमा यस गाउँपालिकाको बजेटबाट जस्तापाता लगाउने काम सम्पन्न भएको र बाकी २८ घरधुरीमा चालु आ.व.को स्वीकृत बजेटबाट जस्तापाता लगाउने भनिएकोमा उक्त घरधुरी मध्ये ११ जनाले मात्र जस्तापाता लगाउने भएका र वाकी १७ घरधुरीले विभिन्न कारणले जस्तापाता लगाउन नसक्ने भनि जानकारी आएको पाईयो। वडा कार्यालयहरुबाट जस्तापालता लगाउन बाकी रहेका विपन्न परिवारहरुको प्राप्त विवरण २०५ घरधुरी रहेकोले सो को वडा गत विवरण तपशिल बमोजिम रहेको छ। उक्त विवरण अनुसार विगत छनौट भएका २०० घरधुरि मध्ये ५३ वटा गाउँपालिकाको सहयोगमा जस्तापाता लगाईएका र १७ वटा चालू आ.ब.मा विभिन्न कारणबाट जस्तापाता लगाउन नसक्ने घरधुरी समेत कुल जम्मा ७० घरधुरी पुनः छनौट गर्नु पर्ने र उक्त घरधुरी बाहेक बाकी १५२ घरधुरी

भएकोले लाभग्राहीहरु छनौटको लागि सुरक्षित नागरिक आवास समन्वय समिति प्यूठानलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | वडा नं. | ५३ घरधुरी मध्ये पुनः छनौट गर्नु पर्ने लाभग्राही संख्याः | २८ घरधुरी मध्ये पुनः छनौट गर्नु पर्ने लाभग्राही संख्याः | नयाँ थप छनौट गर्नु पर्ने घरधुरी संख्याः | जम्मा बाकी लाभग्राही संख्याः | चालु आ.व को चालु आ.व.को लाभ ग्राहि संख्याः |
|---|---|---|---|---|---|---|
| १ | वडा नं.१ | १९ | ० | ८ | २७ | ० |
| २ | वडा नं.२ | १८ | ० | ० | १८ | २ |
| ३ | वडा नं.३ | ० | ० | ३८ | ३८ | २ |
| ४ | वडा नं.४ | ० | १७ | ० | १७ | ० |
| ५ | वडा नं.५ | ० | ० | ४६ | ४६ | २ |
| ६ | वडा नं.६ | १६ | ० | ६० | ७६ | ५ |
| | जम्मा | ५३ | १७ | १५२ | २२२ | ११ |

**निर्णय नं. ७ शिक्षा सम्बन्धि विभिन्न प्रस्तावहरु सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा तपशिलका निर्णयहरु गर्ने निर्णय गरियो ।

- चालू आ.ब.मा विभिन्न विद्यालयहरूमा मगर भाषा शिक्षण कार्यक्रमको लागी ६,६५,०००/- (छ लाख पैंसाठी हजार) विनियोजन भएकोले यस शिर्षकबाट **हाम्रो सरुमारानी हाम्रो गौरव स्थानीय पाठ्युस्तक कक्षा (१-३)** लाई मगर भाषामा रूपान्तरण/translation गरेबापत निजहरुसंग गरेको संझौता अनुसार बुटवल निवासी हरिकला थापा र जनता मा.वि.वड्डाँडाका शिक्षक देविराम सोमैलाई रु. ३५,०००/- (पैंतीस हजार रुपैयाँ) यसै शीर्षकबाट पारिश्रमिक भुक्तानी गर्ने र वाकी रहेको उक्त बजेटबाट मगर भाषा शिक्षण कार्य सञ्चालन भएका तपशिलका विधालयहरुका मगर भाषा शिक्षण गर्ने शिक्षकहरूका लागि पारिश्रमिक उपलब्ध गराउने ।

  तपशिल

  १. श्री सत्यगोरख नाथ प्रा.वि. सुजिनपुर वडा न. ३

  २. श्री श्रमरानी प्रा.वि.मान्द्रे वडा न. ४

  ३. श्री जनता माध्यमिक विद्यालय बडडाँडामा वडा नं.४
- प्रदेश सरकार वित्तीय हस्तान्तरण स्रोत अन्तरगतको **STEM** कार्यक्रम शीर्षको बजेट बिभिन्न विषयगत शिक्षकहरूको अन्तर्किया कार्यक्रममा खर्च गर्ने गर्ने ।
- नेपाल सरकारको अनुदान शीर्षक नं.२.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित, विज्ञान शिक्षण सहयोग अनुदान शीर्षककमा यस आ.व.का लागि थप १ शिक्षकका लागि

बजेट रहेकाले विद्यार्थी संख्या र बजेट शीर्षक अनुसारको शिक्षक आवश्यकताका आधारमा श्री नेपाल राष्ट्रिय मा.वि.हंसपुरलाई छनोट गर्ने र शिक्षक छनोट तथा नियुक्त गर्न अनुमति दिने ।

**निर्णय नं. ८ आखा स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा निम्न निर्णय गरियो ।

क) यस गाउँपालिका र तिलगंगा आँखा प्रतिष्ठान काठमान्डौ बीच सरूमारानी ग्रामिण आँखा स्वास्थ्य केन्द्र संचालन र स्थापनाको लागि संझौतामा उल्लेखित शर्त अनुसार दुवै पक्ष बीच समझदारी/संझौता गर्ने निर्णय गरियो ।

ख) यस केन्द्र संचालनको लागि सरुमारानी गाउँपालिकाको वडा नं. २ को उपयुक्त स्थानमा कार्यालय राखी आवश्यक फर्निचरको ब्यवस्था कार्यालयले मिलाउने ।

ग) आखाँ स्वास्थ्य केन्द्र संचालनको लागि करार सेवामा तपशिलका दरवन्दी स्वीकृत गरी पदपुर्ती गर्ने निर्णय गरियो ।

तपशिल

१) पद: नेत्र सहायक-१ जना (सहायक स्तर पाँचौं तह)

२) पद: अप्टिकल फिटर १ जना ( श्रेणी विहिन)

यसरी पदपुर्ती गरिने कर्मचारीको लागि यस गाउँपालिकाले नियमानुसार पहिलो वर्ष ५०%, दोश्रो वर्ष ७०%, तेश्रो वर्ष ८०% र चौथो वर्षदेखि सम्पूर्ण तलब भत्ता गाँउपालिका स्वयंले निरन्तर प्रदान गरी संचालन गर्ने, यि वर्षको बाकी तलभ भत्ता रकम तिलगंगा आँखा प्रतिष्ठान काठमान्डौले ब्यहोर्ने निर्णय गरियो । अन्य शर्तहरु दुवै पक्ष वीच भएको संझौता अनुसार हुनेछ ।

**निर्णय नं. ९ रोजगार रणनिति सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस गाउँपालिकाको रोजगार रणनीति २०८१, निर्माणको लागि सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० सामुदायिक वनमा पार्क निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ स्थित बगाले सामुदायिक वनमा वन उद्ययन पार्क निर्माण गर्ने निर्णय गरियो। उक्त कार्यको लागि डिभिजन वन कार्यालय प्यूठानलाई विस्तृत परियोजना प्रतिबेदन (DPR) निर्माण गरी लुम्विनी प्रदेश सरकार र नेपाल सरकारका सम्बन्धित मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ मंत्रालयमा गाडी माग सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस गाउँपालिकामा एउटामात्र सवारी गाडी भएको र उक्त सवारी साधन पुरानो भई राम्रोसंग काम नगर्ने भएकोले कार्यालय प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष एउटा पिकअप गाडी (जिप) माग गर्ने निर्णय गरियो ।

देविदत्त पाठक
प्रमुख प्रशासकीय अधिकृत

जङ्ग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

**निर्णय नं. १२ आर्थिक सर्भेक्षण र मध्यमकालिन खर्च संरचना सम्बन्धमा**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा, स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि, २०७९ बमोजिम स्थानीय आर्थिक सर्भेक्षण गर्न र यस गाउँपालिकाकले गत वर्ष निर्माण गरेको मध्यमकालिन खर्च संरचना का आधारमा आगामी आ.ब.को बजेट कार्यक्रम संगै मध्यमकालिन खर्च संरचना समेत तयार गरी परामर्श सेवावाट विज्ञता सेवा लिई आर्थिक सर्भेक्षण र मध्यमकालिन खर्च संरचना (MTEF) तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ योजना संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथी छलफल गर्दा,आगामी गाउँसभाबाट अनुमोदन हुने गरी निम्न योजनाहरु संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

क) यस गाउँपालिकाको चालु आ.ब. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत वडा न. १ को बडिदमारे टोल सिचाई कुलो निर्माणको लागि विनियोजन भएको रु. १,५०,०००/- लाई संशोधन गरी सोही टोलको लागि मोटर खरिद (२ वटा)को लागि रु. ६००००/- र उक्त टोलमा खानेपानी रिङ्ग कुवा निर्माणको लागि ९०,०००/- बाडफाँड गरी खर्च गर्ने ।

ख) यस गाउँपालिकाको चालु आ.ब. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत वडा न. ४ को वेशीगाउँ खानेपानी टंकी निर्माणको लागि विनियोजन भएको रु. ५०,०००/- लाई संशोधन गरी सोही वडाको दाङ्गसिङ्ग मान्द्रे मो.बा. निर्माणको लागि रु. ५०,०००/- खर्च गर्ने।

**निर्णय नं. १४ आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न. १४ माथि छलफल गर्दा तपशिलका संघसंस्था/ब्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं.५ बुढिचौर निवासी निवासी नर बहादुर सोमैमगरको छोरा चित्र बहादुर सोमै मगरको निवेदन अनुसार मिति २०८१।१।२० गते आगोलागी भई ३ वटा गोठघर जलि करिव ५५००००/- बराबरको क्षति र जिवजन्तु समेत मरेको र मिटरबक्स समेत जलेकोले निजलाई विषद/प्रकोप ब्यबस्थापन कोषबाट राहतस्वरुप रु. २५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा न.४ बेसीगाउँ बस्ने ओविराम सोमैमगरको छोरा शरद सोमै मगरको मिति २०८०/१०/११ गतेका दिन छारे रोगकाकारण दुर्घटना परी निज घाईते आवस्थामा फेला परे पछि प्यूठान अस्पतालमा उपचारको लागि लगिएको र निजलाई अस्पतालले मृत घोषणा गरेको साथै निजको परिवार अतिविपन्न भएको र उपचारको लागि लगिएको गाडीभाडा समेत तिर्न नसक्ने अवस्था भएकोले निजको उपचारको लागि विजुवार

लगेको र बिजुवार देखी मृतकको दाहासंस्कार गर्ने स्थान सम्म पुर्याउने काम गरेवापतको गाडीभाडा खर्च रु.९,५००/- उपलब्ध गराउने निर्णय गरियो ।

- राष्ट्रिय दलित पत्रकार संघ नेपाल, जिल्ला शाखा प्यूठानको मिति २०८१।१।४ को पत्र अनुसार चौथो साधारण सभा तथा दोश्रो जिल्ला अधिबेशन सहयोगको लागि रु. ४०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १५ सिपमूलक तालिम सम्बन्धमा ।**

प्रस्ताव न. १५माथि छलफल गर्दा तपशिलका चालू आ.ब. को संघीय विशेष अनुदान शिर्षकको सिपमूलक तालिमको लागि निम्नानुसार गर्ने निर्णय गरियो ।

**क) ब्यूटिपालर तालिम सम्बन्धमा ।**

यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अति विपन्न तथा पिछडीएको वर्ग/समुदाय उत्थान कार्यक्रम (संघीय विशेष अनुदान) अन्तर्गत विभिन्न शिर्षकमा विनियोजन भएको रकम मध्ये अति विपन्न परिवार उत्थान कार्यक्रम (सशक्तिकरण र सिपमूलक तालिमहरु) शिर्षकबाट मोटर/पंखा मर्मत तालिम संचालन गर्ने भनिएकोमा उक्त तालिम संचालनको लागि प्रशिक्षक नआएको/नपाईएकोले उक्त शिर्षकमा विनियोजन भएको रकमबाट महिलाहरुको लागि २ समूहमा ब्यूटिपार्लर तालिम संचालन गर्ने, जस अन्तर्गत -बङ्गाडामा आधारभूत ब्यूटिपार्लर तालिम-१.५ महिनेको लागि रु. १,५०,०००/- र दर्भानमा एडभान्स ब्यूटिपार्लर तालिम १.५ महिने संचालन गर्न रु. १,७०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**ख) खुकुरी तालिमको भुक्तानी सम्बन्धमा ।**

यस गाउँपालिकाको चालू आ.ब.को विशेष अनुदान शिर्षक अन्तर्गत छनौट भएको खुकुरी निर्माण तालिममा १२ जना सहभागि हुने भनी बजेट विनियोजन भएको र उक्त तालिमको लागि प्रशिक्षकको अभावले सो तालिम तुल्सीपुर उ.न.पा.-१२ टरिगाउँ दाङ्ग गर्ने भनि गाउँकार्यपालिको निर्णय अनुसार छनौट भएका सहभागिहरु मध्ये जम्मा तिन जना मात्र तालिममा सहभागिता जनाएकोले सो तालिम शिर्षकमा विनियोजन भएको रकम मध्ये रु. १,२०,०००/- ननाघ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**ग) मोटर ड्राईभिङ्ग तालिम सम्बन्धमा ।**

यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अति विपन्न तथा पिछडीएको वर्ग/समुदाय उत्थान कार्यक्रम (संघीय विशेष अनुदान) अन्तर्गत विभिन्न शिर्षकमा विनियोजन भएको रकम मध्ये दलित वर्ग उत्थान कार्यक्रम शिर्षकबाट आधुनिक हतियार- खुकुरी निर्माण तालिम शिर्षकमा खर्च गरी बाकी रहेको रकम रु. २,८०,०००/-

बाट प्रत्येक वडाबाट २/२ जनाका दरले दलित समूदायका युवा/युवती १२ जनालाई ड्राईभिङ्ग सम्बन्धि तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ विविध सम्बन्धमा ।**

- **कर्मचारी आचार संहिता सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका अन्तर्गत कर्मचारीहरुको आचारसंहिता २०८१ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।
- **मेडपा कार्यक्रममा परामर्श नियुक्त सम्बन्धमा ।**
  यस गाउँपालिकाको चालू आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम बमोजिमका बाकी काम संचालन गर्न कार्यालयमा उद्यम विकास सहजकर्ता कार्यरत नभएकोले एक जना उद्यम विकास सहजकर्ता परामर्श सेवामा राखी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।
- **गाउँपालिकाको प्रवक्ता तालिम सम्बन्धमा ।**
  सेन्टर फर ईनोभेटिभ गभर्नेन्स प्राक्टिसेसको मिति २०८१/०१/०२ गतेको पत्र अनुसार मिति २०८१ जेष्ठ १-३ गते सम्म बुटवलमा हुने स्थानीय सरकारका प्रवक्ताको भूमिका र जिम्मेवारी विषयक प्रशिक्षण कार्यक्रममा यस गाउँपालिकाका प्रवक्ता श्री चिन्त बहादुर सोमै मगरलाई पठाउने र सो बापत लाग्ने खर्च रु. २८,५००/- यस गाउँपालिकाले ब्यहोर्ने निर्णय गरियो ।
- **वन प्राविधिक सम्बन्धमा ।**
  यस गाउँपालिकामा कार्यरत वन प्राविधिक (अधिकृत छैठौं) गण्डकी प्रदेश लोकसेवा आयोगबाट नाम निकाली स्थायी सेवामा प्रवेश गर्नु भएकोले रिक्त हुने उक्त स्थानमा सोही पदमा संघिय वा प्रदेश लोक सेवाको अस्थायी सूचीमा सुचिकृत अधिकृत/सहायक कर्मचारी मध्येबाट पदपुर्ती गर्ने गरी सम्बन्धित लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।
- **अन्य विषयहरु सम्बन्धमा।**
  - सशर्त अनुदान शिर्षक अन्तरगत योजना तथा कार्यक्रमहरुको प्रगतिको अवस्थाको विषयमा आगामी बैठकमा पेश गरी छलफल गर्ने ।
  - यस गाउँपालिकाको आगामी आ.ब. २०८१।०८२ को लागि पूर्वबजेट छलफल कार्यक्रम शुरु गर्ने ।
  - सरुमारानी कृषि तथा पशु पन्छी विकास श्रोत केन्द्र सरुमारानी १ औलेनीमा कुवा निर्माण गर्ने निर्णय अनुसार उक्त खर्च डम्पिङ्गसाईड ब्यबस्थान शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/१/२४

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष